प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## बुटवल, रुपन्देही

### अस्पतालजन्य कवाड सामग्री बिक्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३/०२/०१

यस लुम्बिनी प्रादेशिक अस्पतालमा दैनिक रूपमा उत्पादन हुने गैर-जोखिमयुक्त कवाड सामग्रीहरू (प्लाष्टिक बोतल, स्लाइन बोतल, पाइप, कार्टुन, सिसा लगायत नखप्ने जिन्सी सामाग्री अन्तरगत संकलनहुने धातु तथा काठजन्य कचरा आदि) अस्पतालले उपलब्ध गराउदा "जुन अवस्थामा छ त्यस्तै अवस्थामा" (As is where is basis) खरिद गरी लैजान र त्यस बापत अस्पताललाई मासिक एकमुष्ठ रकम बुझाउने गरी हाल लाइ १ (एक) वर्षको सम्झौता गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्थाहरूबाट देहायका सर्तहरूको अधीनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

न्यूनतम कबोल अंक र विवरण

अस्पतालले अनुमानित न्यूनतम मासिक दररेट तोकेको छ। प्रस्तावकले सो भन्दा बढी रकम कबोल गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

| कवाडको विवरण | न्यूनतम मासिक दर (Base Price) | दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम (Bid Security) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| (कबाडजन्य प्लाष्टिक सामान तथा बोतल, जर्किन, स्लाइन बोतल, पाइप, कागज कार्टुन, सिसा, DMC औषधि खोल लगायत नखप्ने जिन्सी सामाग्री अन्तरगत संकलन हुने र अस्पतालमा प्रयोगमा नआउने धातु तथा काठजन्य कचरा आदि) | रु. ७०,०००/- (अक्षरेपी सत्तरी हजार मात्र) | रु. १,०००/- | दरभाउपत्रदाताले आफुले कबोल गर्ने मासिक रकम लाई १२ ले गुणा गर्दा हुन आउने बार्षिक रकमको १० प्रतिशतले हुने रकम | २०८३/०२/०७ गते कार्यालय समय सम्म | २०८३/०२/०८ गते १२.०० बजे सम्म दरभाउपत्र २०८३/०२/०८ गते १४.०० बजे अस्पतालमा खोलिनेछ । |

दरभाउपत्र फाराम (**Bid Document**) पाइने र बुझाउने स्थान

- फाराम पाइने स्थानः अस्पताल प्रशासन शाखा।
- फाराम दस्तुरः रु. १,०००/- (एक हजार मात्र) कृषि विकास बैक खस्यौली शाखा रुपन्देहीमा रहेको यस अस्पतालको खाता नं. ०४१४७०१४२५६७८०१९मा जम्मा गरी रसिद पेश गर्नुपर्नेछ।

प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

## दरभाउपत्रदाताले पालना गर्नुपर्ने विशेष शर्तहरू

मासिक भुक्तानी: सफल दरभाउपत्रदाताले कबुल गरेको मासिक एकमुष्ठ रकम प्रत्येक महिनाको ७ गतेभित्र अस्पतालको खातामा अग्रिम जम्मा गर्नुपर्नेछ। शुरुको महिनाको कबोल रकम सम्झौता गर्दा बुझाइसक्नु पर्नेछ। यसरी रकम नबुझाएमा धरौटी रकम बाट कट्टा गरिनेछ।

नियमित व्यवस्थापन: खरिदकर्ताले संकलन भएको फोहर तथा कबाड सामाग्री हप्ताको ४ पटक अनिवार्य उठाई लैजानुपर्नेछ। दैनिक सामाग्री संकलनको मात्रा बढी भइ व्यवस्थापन र फोहोरले समस्या सिर्जना भएमा अस्पताल प्रशासनले दैनिकरुपमा उठाउन लगाउने छ र खरिदकर्ताले दैनिकरुपमा उठाउनु पर्नेछ।

यसरी सामाग्री नउठाई फोहोर थुप्रिएर दुर्गन्ध फैलिएमा वा व्यवस्थापनमा बाधा पुगेमा अस्पताल प्रशासनले प्रतिदिन रु. १,०००/- जरिवाना गरिनेछ।

संक्रमण नियन्त्रण: अस्पतालजन्य सामाग्री स्लाइन बोतल तथा पाइपहरू अस्पतालको उपलब्ध प्रविधिबाट सम्भव भए जति विसंक्रमण गरेपछि मात्र हस्तान्तरण गर्नेछ। जोखिमयुक्त मेडिकल फोहोर (सुई, सिरिन्ज आदि) लैजान पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। यस्तो पाइएमा सम्झौता रद्द गरी धरौटी जफत गरिनेछ।

जनशक्ति र ढुवानी: सामग्री छुट्याउने, लोड गर्ने र ढुवानी गर्ने सम्पूर्ण खर्च र जनशक्ति खरिदकर्ताकै हुनेछ। कामदारले अनिवार्य रूपमा सुरक्षा उपकरण (PPE, Mask, Gloves) प्रयोग गर्नुपर्नेछ।

सम्झौता खारेजी: लगातार २ महिनासम्म रकम भुक्तानी नगरेमा वा अस्पतालको सर्त उल्लंघन गरेमा कुनै पनि समयमा सम्झौता रद्द गर्न सकिनेछ।

आवश्यक कागजातहरू

- फर्म/संस्था दर्ता प्रमाणपत्र र नवीकरणको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्र।
- आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र।
- धरौटी बापतको नगद भौचर वा बैंक ग्यारेन्टी।

अन्य व्यवस्था

रीत नपुगी आएका वा म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

## दरभाउपत्रदाताहरूका लागि निर्देशन (Instructions to Bidders)

योग्यता: प्रस्तावक फर्म वा संस्था नेपालमा कानुनी रूपमा दर्ता भई पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको हुनुपर्नेछ।

न्यूनतम मूल्य: अस्पतालले तोकेको न्यूनतम मासिक दर रु ७०,०००/ अक्षररुपी सत्तरी हजार भन्दा कमको प्रस्ताव स्वीकृत गरिने छैन।

धरौटी (**Bid Security):** कुल वार्षिक कबोल अंकको १०% धरौटी रकम बापतको बैंक भौचर श्री प्रदेश लेखा इकाई कार्यालय लुम्बिनी प्रदेश रुपन्देहीको नाममा रा.बा. बैंक खस्यौली शाखामा रहेको धरौटि खाता नं ३१२०१००२०२०३०००० मा (अस्पतालको कोड नं. ३७००१४८०३५) नगद जम्मा गरेको अथवा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाले यस अस्पतालको नाममा जारी गरेको बैंक जमानत पत्र (Bid Bond) दरभाउपत्र खोल्ने मितिबाट ९० दिन समायावधी भएको हुनुपर्नेछ ।

अस्पतालको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर वा मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी प्रस्ताव साथ अनिवार्य संलग्न हुनुपर्नेछ।

दरभाउपत्रको मान्यता: दरभाउपत्र दर्ता भएको मितिले ९० दिनसम्म मान्य रहनेछ।

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

प्रमुख मेडिकल सुपरिटेंडेन्ट

CamScanner